मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :
फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

मितिः २०८३/०५/२६

चौठचन्द्र तथा हरितालिका तीज पर्वको शुभकामना

श्रीमदभागवत पुराण अनुसार भाद्रकृष्ण अष्टमीका दिन भगवान श्री कृष्णको जन्म भई ११ औं दिनमा नामाकरण भएको अवसरमा जनजनले खुशी आनन्द मनाएकोले सम्पुर्ण जीवजगत खुशी साटासाट गर्ने गर्दछन ।

शाश्वत सनातनीहरुको प्रशिद्ध पर्व चौठचन्द्र हो। यस पर्वलाई चौरचन/चौठीचान पनि भन्ने गरिन्छ । यो पर्व भाद्र शुक्ल चतुर्थीका दिन चन्द्रमाको विधिविधानका साथ पुजाअर्चनागरी मनाउने प्रचलन रहेको छ । यस पर्वलाई प्रकृति र शान्तिको पर्व भनिन्छ । यो पर्व गर्नाले विविधा दोषकलंकबाट मुक्ति पाइन्छ भन्ने जनविश्वाश रहेको छ । यस पर्वमा अरिपन गरेको पवित्र स्थानमा सामयिक कृषिमा आधारित अन्नपानीबाट तयार गरिएका खीरपुरी, केरा, दहि लगायतका मिष्ठानहरुको भोग अर्पण लगाउने गरिन्छ ।

शाश्वत र सनातनी महिलाहरुको निर्जला व्रत हरितालिका तीज प्रत्येक वर्ष भाद्र शुक्ल तृतीया तिथिका दिन भगवान शिवको पुजाआराधनागरी धुमधामका साथ मनाउने आदिकालदेखि नै परम्परा रहेको छ । प्रत्येक पर्व मनाउनुको वैदिक तथा पौराणिक महत्व रहेको हुन्छ । शिवपुराण अनुसार हिमालय पर्वतपुत्री पार्वतीले भगवान शिवलाई पतिदेवको रुपमा पाउन भगवान हरिको सल्लाह अनुसार कठोर र निर्जला व्रत गरी भगवान शिवलाई पतिदेवको रुपमा पाउन सफल भएकीले यस व्रतलाई हरितालिका तीज भनिन्छ । यो व्रत गर्दा व्रतीहरुलाई चिताएको फल प्राप्त हुने भएकोले सनातनी महिलाहरु भाद्र शुक्ल तृतीयाका दिन निराहार व्रत बस्ने गर्दछिन । यो पर्वले प्रकृति र पुरुषलाई एकाकार गर्ने गरेको हुनाले पारिवारिक सुख-शान्ति प्राप्ति हुने गर्दछ ।

यसका साथै, यसै भाद्र चतुर्थी तिथिमा नै गणेश चतुर्थी, भगवान गणेशको जन्म भएकोले यो पर्व धुमधामका साथ आयोजना गर्ने परम्परा रहेको छ । यि त्रिपर्वहरुले व्यक्ति, परिवार, समाज र मुलुकमा सुखशान्ति, समृद्धि, उन्नति र प्रगतिमार्गको मार्गदर्शक बनोस् ।

हार्दिक मंगलमय शुभकामना अर्पण ।

.....

माननीय जीवछ साह
कार्यवाहक अध्यक्ष